# काष्ठमण्डप *

*— रमेश जंग थापा*

## प्राक्कथन

काष्ठमण्डपको प्राचीनता जति घतलाग्दो छ उत्तिकै आकर्षण यसको मौलिकतामा पनि छ । यसको पवित्र व्यक्तित्वले इतिहासका अनेकौं सुख दुःखका दिनहरू देख्नुपरेको छ । मानवीय दुर्व्यवहार र प्राकृतिक प्रकोपबाट जतिसुकै प्रभावित भए तापनि यस स्मारकमा नेपाली संस्कृतिको सामञ्जस्य उदार भावना र सहिष्णुतापूर्ण परंम्पराको पूर्ण अभिव्यक्ति दृष्टिगोचर हुन्छ । धर्मको एकपक्षीय अथवा दलगत दृष्टिकोणबाट 'काष्ठमण्डप' सर्वथा मुक्त छ । अरू हिन्दू र बौद्ध धर्मका विभिन्न मत तथा विचारधाराहरूलाई समानरूपमा अंगीकार गरी "काष्ठमण्डप" मानववादिताको अमूल्य उदाहरण बन्न गएको छ । काष्ठ, मृतिका र प्रस्तरमा कुंदिएका लालित्यपूर्ण देवमूर्तिहरु सामूहिक भक्ति, श्रद्धा र विश्वासको वातावरण सृजना गर्न सफल भएका छन् । श्री गोरखनाथ, शिवपार्वती, गणेश, भैरव, महाकाल, तारा, सरस्वती, नृत्येश्वर, शाक्यमुनि, बुद्ध, आदि विभिन्न चरित्रका देवदेवीहरू एउटै स्मारकमा यसरी सामूहिक प्रतिनिधित्व गरेर 'काष्ठमण्डप" ले नेपाली संस्कृतिको एकतापूर्ण आध्यात्मिक परम्पराको अद्भुत उदाहरण प्रस्तुत गरेको छ । "काष्ठमण्डप" को यस महत्ताको अनुसरणबाट विश्वका मानव मात्रले मुक्तिको गोरेटो प्राप्त गर्न सक्नेछन् भन्ने कुरामा दृढ आस्था र विश्वास व्यक्त गर्न सकिन्छ । यसरी आजको विभाजित विश्वसंस्कृतिलाई "काष्ठमण्डप" को यही नै विशेष देन हुन गएको छ।

"काष्ठमण्डप" को ऐतिहासिक, साँस्कृतिक तथा प्राविधिक पक्षको अध्ययन यसै मूलभूत दार्शनिक र आध्यात्मिक सिद्धान्तको पृष्ठभूमिमा क्रमशः गरिनुपर्दछ ।

## काष्ठमण्डपको प्राचीनता

"काष्ठमण्डप" को प्राचीनता अत्यन्त विवादग्रस्त छ । यद्यपि "काष्ठमण्डप" शब्दको परम्परा निकै प्राचीन छ, तथापि यस शब्दसंग वर्तमान स्मारक विशेषको अन्योन्याश्रित सम्बन्ध छ, छैन भन्ने कुराको छिनोफानो गर्नु जरूरी छ । "काष्ठमण्डप" शब्दको उल्लेख विक्रमको बाह्रौं शताब्दीमा लेखिएको "नामसङ्गीति" नामक हस्तलिखित ग्रन्थमा भएको पाइन्छ§ अद्यापि थाहा पाइएका ग्रन्थहरू मध्ये सबभन्दा प्राचीन यही नै थाह हुन्छ । यसपछि वि. सं १३०० मा लेखिएको 'परमार्थनामसङ्गीति" मा निम्नबमोजिम लेखिएको छ ।‡

"श्री काष्ठमण्डपपुरे सुरलोक साम्ये"
देवालये वसति श्री जिनरखितः सः"

अर्थात्, स्वर्गतुल्य श्री काष्ठमण्डप नगरका देवालयमा श्री जिनरक्षित बस्नुहुन्छ । पुरातत्वविभाग, वीर पुस्तकालयको संग्रहमा रहेको श्री यक्ष मल्लकालीन ग्रन्थ "पञ्चरक्षा"❁ (वि. सं. १५३३) मा यसो भनिएको छ—"देय धर्मोयं प्रवर महायानयायिनः परमौपासिक श्री काष्ठमण्डपनगरे श्री कीर्तिपुण्यमहाविहारीय भिक्षु श्री देवचन्द्रस्य" अर्थात्, यो दानधर्म, महायानका समर्थक तथा परमोपासक श्री काष्ठमण्डप नगरस्थित श्री कीर्तिपुण्य महाविहारका भिक्षु श्री देवचन्द्रको हो ।

---

* काष्ठमण्डपको जीर्णोद्धार समाप्त भएपछि २०२३ सालमा प्रस्तुत काष्ठमण्डप— संक्षिप्तपरिचयबाट उद्धृत ।

§ इतिहास संशोधनको प्रमाण प्रमेय भाग १ पृष्ठ ११० ।

‡ पुरातत्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयको संग्रहमा रहेको अभय मल्लकालीन उपर्युक्त ग्रन्थ । प्रमाण प्रमेयमा पनि उल्लेख भएको छ ।

❁ इतिहास संशोधनको प्रमाणप्रमेय पृष्ठ ११४ मा पनि सविस्तार उल्लेख भएको छ ।

यसरी उपरोक्त प्रमाणहरूबाट दुई कुरा स्पष्ट हुन आउंछ– (क) काष्ठमण्डपको परम्परा लक्ष्मीनरसिंह मल्लको कालभन्दा ज्यादै पुरानो छ* । (ख) "काष्ठ-मण्डप" को ख्याति नगरका रूपमा निकै प्राचीन कलदेखि चलिआएको छ ।

अब यो विचार गर्नु छ कि "काष्ठमण्डप" स्मारकको अस्तित्वबाट नै "काष्ठमण्डप नगर हुन गएको हो वा के हो ? यस समस्यालाई हल गरेपछि 'काष्ठमण्डप" को काल निर्णय सम्बन्धी विवाद स्वतः समाप्त हुन्छ । वास्तवमा जुन वेला "काष्ठमण्डप" लाई नगरका रूपमा चिनिन्थ्यो । त्यति वेला "काष्ठमण्डप" स्मारकका रूपमा पनि विद्यमान थियो । अर्थात् "काष्ठमण्डप" को नगर परपम्परा जेठो र स्मारकको परम्परा कान्छो होइन कि स्मारकबाट नै नगर परम्पराको जन्म भएको बुझिन्छ । यसको पुष्टचाइँ स्वयं काष्ठमण्डपमा प्राप्त ताम्रपत्र, सुवर्ण-पत्र र मूर्तिकला, काष्ठकलाले दिइरहेका छन्§ । "काष्ठ-मण्डप" स्मारकमा ने. सं. ४५४ अर्थात् वि. सं. १३९१ को कान्तिपुरको पाञ्चाली भलादले राखेको ताम्रपत्र अद्यापि छंदैछ । यसरी यसै ताम्रपत्रले मात्र पनि स्मार-कको परम्परालाई ६३२ वर्ष प्राचीन तुल्याउंछ । अर्को ताम्रपत्र ने. सं. ५८५ अर्थात् वि. सं. १५२२ को पाइन्छ, जसमा भनिन्छ "ओम् श्री गोरखनाथलाई नमस्कार। चराचर युक्त निष्कल अनादि जुन परब्रह्मको योगीहरु सदा ध्यान गर्दछन् ती गोरखनाथलाई म प्रणाम गर्दछु । यो काष्ठमण्डप सुनले रम्य र सुनका ध्वजाले सिंगारिएको छ र जहाँ योगीश्वरहरू नित्य निवास गर्दछन् श्री यक्ष मल्ल प्रभु विराजमान हुनुहुन्छ । श्री गौड देशबाट आएका जे पनि दिन सक्ने दानी योगी चैतन्यनाथले नेपाल देशमा खेत किने र अवधूतहरूलाई सिधा (हण्डी) दिए" इत्यादि। यस ताम्रपत्रमा काष्ठमण्डप सुनले रम्य र सुनका ध्वजाले सिंगारिएको छ भनी नगरको नभै "काष्ठमण्डप" स्मारक विशेषको वर्णन गरिएको कुरा स्पष्ट हुन्छ । साथै अन्य ताम्रपत्र, सुवर्णपत्रबाट पनि स्मारकका रूपमा "काष्ठ-मण्डप" को प्राचीनताबारे कुनै शंकाको संभावना रहँदैन ।

अब अर्को दृष्टिबाट पनि समस्याको छलफल गरौं । अभिलेख र ग्रन्थमा वर्णित "काष्ठमण्डप" नगरको भौगो-लिक स्थिति पनि हालको स्मारकको छेउछाउमा पर्दछन् । जस्तो, ने. स. ६०५ अर्थात् वि. सं. १५४२ को काष्ठ-मण्डपको ताम्रपत्रमा विष्णुमत्याः पूर्व्वकूले इहैव स्थाने श्री काष्ठमण्डप नगरे अर्थात् "विष्णुमतीको पूर्व किनारा अवस्थित यसै श्री काष्ठमण्डप नगरमा" भन्ने उल्लेख भएको छ । अर्को यक्ष मल्लकालीन ने. सं. ५९४ अर्थात् वि. सं. १५३१ मा लेखिएको "स्रग्धरास्तोत्र" मा यसो लेखिएको छ– "श्री काष्ठमण्डप महानगरे च्येकनमगुङ्गी टोलके× अर्थात् श्री काष्ठमण्डप महानगर स्थित चिकंमुगल टोल। यसरी विष्णुमतीको पूर्व किनारा, चिकंमुगल टोल, ओम-बहाल, कीर्तिपुण्य महाविहार आदि काष्ठमण्डप स्मारक समीपका स्थानहरूको वर्णन "काष्ठमण्डप नगर" को संदर्भमा गरिएको छ । यसबाट प्रारम्भमा काष्ठमण्डप स्मारकवरिपरि एउटा विशेष क्षेत्र र परिधिभित्रका घर र स्मारकहरू मात्र काष्ठमण्डप नगरमा परी बिस्तार बिस्तार यो परिधि विशाल हुँदै गएको बुझिन्छ । वर्तमान काठमाडौंको अर्को नाम कान्तिपुर पनि हो । भानुभक्तको कालसम्म पनि काठमाडौंका साथै कान्तिपुर शब्द विशेष प्रचलनमा रहेको बुझिन्छ । अझै एक अर्को परम्परा अनुसार काठमाडौंलाई दुई भागमा विभाजित गरेको पाइन्छ– (क) सुवर्ण प्रणाली महानगर (ख) श्री यंगल । "सुवर्ण प्रणाली महानगर" लाई ठने अर्थात् माथिल्लो र "श्री यंगल" लाई "कोने" अर्थात् "तल्लो" भागका रूपमा जानिन्थ्यो । यंगल क्षेत्रभित्र काठमाडौं, लगन आदि पर्दछन् र अद्यापि यो यं कहलिन्छ । लिच्छवीकालीन नगर "इन्द्रगृह" बाट "यंगल" भई अझ त्यसको अपभ्रंश

* "देवमाला" आदिमा र प्रचलित जन विस्वासमा काष्ठ- मण्डपका निर्माताका रूपमा लक्ष्मीनरसिंह मल्ललाई मानिन्छ । तर तिनीभन्दा निकै अघि "काष्ठमण्डप" को परम्परा विद्यमान रहेको प्रमाणका लागि यसै पुस्तिकाको परिशिष्ट 'क' तथा 'ख' हेर्नुहोस् ।

§ "काष्ठमण्डप" मा विद्यमान ताम्रपत्रहरूको विवरण योगी श्री नरहरि नाथले "सन्धिपत्रसंग्रह" मा पनि दिनु-भएको छ तर कतिपय ताम्रपत्रको प्राचीन भाषाले गर्दा शुद्ध पाठ हुन अझै बाँकी नै छ । "सन्धिपत्रसंग्रह" मा नपरेको र संभवतः सर्वप्रथम फेलापरेको ने. सं. ६३७ को जोगी भलादले तामाको मानामा राखेको अभिलेख यस पुस्तिकामा दिइएको छ ।

× इतिहास संशोधनको प्रमाण प्रमेय ग्रन्थ । इण्डिया "अफिस- लाइब्रेरी लण्डन" मा भएको कुरा ससेत संचित गरिएको छ ।

"यं" हुन गएको हो भनिन्छ । अर्को कुरा उपत्यकाका नगरमा बहालको नामले कुनै विशेष क्षेत्र वा गल्ली बोध हुँने परम्परा अझै प्रचलित छ । जस्तो, गाबहाल, टेबहाल, इवाबहाल आदि आदि । "काष्ठमण्डप" बाट काठमाडौं हुन जानु पनि वर्तमान परम्पराको प्राचीन रूप हो । तसर्थ आज "काष्ठमण्डप" रहेको क्षेत्रलाई पनि काठमाडौं भनिन्छ र राजधानीको समस्त क्षेत्रलाई पनि काठमाडौं नै भनिन्छ । नगरको नाम पनि उही र एउटा कुनै खास गल्लीको नाम पनि उही भएको उदाहरण दुर्लभ छ । यताबाट काष्ठमण्डप क्षेत्रको पछिल्लो विशाल रूप नै काठमाडौं हो भन्ने कुरामा विश्वास जम्छ । त्यसकारण नै आज नगरको साथ साथै उसै नगरको एउटा खास गल्लीको नाम पनि 'काठमाडौं' कायम रहन गएको हो । श्री महेन्द्र मल्लको मुद्रामा पनि "श्री मत्काष्ठमण्डपस्थाधिपति श्री श्री जय महेन्द्र मल्ल देवस्य" अङ्कित छ । जोधपुरका अधिराज मान सिंह देवको संग्रहमा रहेको "श्री नाथ तीर्थावली" मा यस्तो लेखिएको छ "कान्तिपुरमा उहिले एक जना लोयिपाद भन्ने सिद्ध भए । तिनले तलाउमाथि बसेर मन्दिर बनाए । कैलाशबाट एउटा साह्रै गजबको थाम ल्याएर त्यसका चारओटा स्तम्भ बनाए । तिनलाई उभ्याएर तिनैमाथि तीनतल्ले भवन बनाए ।" इत्यादि (पूरा विवरणका लागि हेर्नुहोस् सन्धिपत्रसंग्रह) । मूर्तिकलाको अध्ययन गर्दा पनि गोरखनाथ र काष्ठमय भैरव पूर्व मध्यकालीन देखिन्छन् । तिब्बतीहरू पनि "पद्मसंभव" को दर्शनको उद्देश्य राखी यस मण्डपमा आउंछन् ।

यसरी माथिका हरफहरूमा अभिलेख, ग्रन्थ, भौगोलिक स्थिति, नगरपरम्परा, मूर्तिकला आदि तुलनात्मक अध्ययन गरी यस निष्कर्षमा पुग्ने प्रयास गरियो कि विक्रमको सत्रौं शताब्दीका लक्ष्मीनरसिंह मल्लभन्दा निकै अघि 'काष्ठमण्डप" स्मारकको रूपमा विद्यमान थियो । 'काष्ठमण्डप' को निर्माताबाट कुनै अभिलेख नराखिएको हुनु र जीर्णोद्धारसम्बन्धी कुनै अभिलेख पनि प्राप्त नहुनु आश्चर्यजनक देखिन्छ । जे होस् वर्तमान अनुसन्धानबाट 'काष्ठमण्डप" स्मारक मध्यकालको प्रारम्भिक युगमा निश्चय नै पुग्दछ ! तथापि खोजको क्रम जारी राख्नु जरूरी छ ।

## कला र शैली

अब 'काष्ठमण्डप" को प्राविधिक पक्षको अध्ययन गरौं । स्थापत्यकलाका दृष्टिले "काष्ठमण्डप" को आफ्नै विशेषता छ । यसको निर्माण उच्च स्तरको प्राविधिक सिद्धान्तमा गरिएको छ । यस स्मारकको भार चार विशाल स्तम्भले लिएका छन् र यो भव्य स्मारक यी स्तम्भहरूको संतुलनमा खडा छ । स्मारक ६५ फिट ४ इन्च अग्लो छ । "प्लीन्थ" को लम्बाइ चौडाइ बराबर छ, अर्थात् ६५ फिट ११ इन्च । मन्दिरको यस आकारले यसको विशालता स्पष्ट हुन्छ । ‡मन्दिरको चारै समकोणमा काष्ठकलापूर्ण "बालकोनि" अथवा बार्दली बनाइएका छन् । मण्डपको मध्यमा श्री गोरखानाथको प्रस्तरमूर्ति सुशोभित छ । §भित्रको सुन्दर योजना (प्लान) र निर्माणशैलीलाई पछि पछि घर बनाउने काम गरेर तथा पसल थपेर विकृत तुल्याइयो । मन्दिरभित्र ४।५ परिवारले डेरा गरी बसोबास गरेका थिए । त्यसकारण जीर्णोद्धार हुनुअघि काष्ठमण्डपको मूल प्लान नै बदलिइसकेको थियो र ठूलो प्रयास गरी यसको मौलिक रूप पत्ता लगाई तदनुरूप बनेको प्राचीन नक्शाबमोजिम "काष्ठमण्डप" लाई वर्तमान स्वरूप दिन सफलता प्राप्त गरियो* ।

काष्ठमण्डपको जिर्णोद्धार गर्दा यसको मौलिकता र प्राचीनतालाई कलंकित हुँन नदिने हरसंभव उपाय गरिएको छ । एकदम काम नलाग्ने वस्तुबाहेक अन्यमा प्राचीन वस्तु नै उपयोगमा ल्याइएका छन् । जुन जुन प्राचीन वस्तुहरूको सट्टा नयां वस्तु थपिएका छन् ती पनि पुराना वस्तुहरूकै आकारप्रकारमा बनाइएकाले नयाँ भए पनि पुराना देखिन्छन् । जीर्णोद्धारको प्रमुख सिद्धान्त मौलिकताको बढीसे बढी सुरक्षा गर्नु हो नकि नवीनीकरण अथवा आधुनीकरण । तसर्थ काष्ठमण्डपको जीर्णोद्धार गर्दा मौलिकताको प्राप्तिका लागि ईमानदारीसाथ हरसंभव प्रयास गरिएको छ । स्मारकलाई रंगीबिरंगी आकर्षक तुल्याउनेतिर नलागी यसको प्राचीन अनुहार कायम राख्नेतर्फ नै विशेष जोड दिइएको छ । पुरातात्विक जीर्णोद्धारको मुख्य विशेषता पनि यही हो । यसरी नै प्राचीन परम्पराको सुरक्षा र कलाकृतिको उचित सम्मान गर्न सकिन्छ भन्ने कुरामा दुई मत नहोला । काष्ठमण्डपको यत्रतत्र फालिएका मूर्तिहरूको संग्रह गरी यिनीहरूलाई सुरक्षापूर्वक राख्ने र पर्यटकहरूका निम्ति अतिरिक्त आकर्षण पैदा गर्न पहिलो पटक यस स्मारकमा सानो संग्रहालय खडा गरिएको छ । संसारको प्रत्येय वस्तु नाशवान् छ, यस यथार्थतालाइ स्वीकार गर्नु व्यावहारिक

‡ फलक ११ क, ख र फलक १२ । §फलक ८ । *फलक ११ ख ।

ईमानदारी हो । तर अर्कोतिर सकभर धेरै कालसम्म सुरक्षित रहने अथवा राख्ने प्रयास गर्नु समाज र मनुष्यको पनि परम कर्तव्य हो ।

## अन्त्यमा

यस सानो लेखमा "काष्ठमण्डप" को संक्षिप्त परिचय दिने प्रयास गरिएको छ । यस लेखले 'काष्ठमण्डप" को ऐतिहासिक समस्यालाई अन्तिम रूपमा हल गरेको छ भनी दावा गर्न म सक्तिन । किनकि अनुसन्धान एउटा नित्य क्रिया हो र अनुसन्धानको क्रममा जहिले पनि नयाँ नयाँ तथ्य पत्ता लागिरहन्छन् । प्रस्तुत लेख पनि यसै क्रमको एक अङ्ग हो । "मेरो गोरुको बाह्रै टक्का" भन्ने सिद्धान्तमा म विश्वास गर्दिन । किनकि हरेक कुरा परिवर्तनीय छ । यद्यपि कहिलेकाहीं कुनै कुराको समयभन्दा अघि पनि कृत्रिम परिवर्तन हुन जाला तथापि अन्ततोगत्वा त्यसको स्वतः परिवर्तन अवश्यंभावी छ । यस मूलभूत सत्यले विश्वको हरेक वस्तुलाई समान रूपमा छोएको छ, यसमा सन्देह गरिरहने ठाउं छैन ।